दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २३२ | बुटवल | २०८२ भदौ ०१ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday August 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रवि नख्खु कारागारमा



बुटवल । कारागार व्यवस्थापन विभागले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई रुपन्देही जिल्ला कारागारबाट नक्खु कारागारमा स्थानान्तरण गरेको छ । शुक्रबारको निर्णयअनुसार लामिछानेलाई शनिबार काठमाडौं ल्याएको विभागले जनाएको छ ।

रुपन्देहीको कारागारमा लामिछानेलाई नाजुक अवस्थामा राखेको भन्दै विरोध भएपछि विभागले स्थानान्तरण गरेको हो ।

लामिछानेले तीन महिनाअघि नै आफूलाई नख्खुमा स्थानान्तरण गर्न अनुरोध गरेका थिए । पछिल्लो हप्ता सञ्चारमाध्ययमहरुमा रवि लामिछानेलाई सामान्य सुविधा पनि नदिएको, समाचार पढ्न र भेटघाट गर्न रोकेको जस्ता विषय सार्वजनिक भएपछि राष्ट्रिय मानवअधिकार आयोगको टोलीले अनुगमन गरेको थियो ।

आयोगले लामिछानेले जेलमा आधारभूत मानवअधिकार उपभोग गर्न नपाएको बताएपछि सरकारलाई दबाब परेको हो ।

यस्तै रुपन्देहीमा उप-चुनावको प्रचारप्रसार समेत सुरु भएकोले पनि सरकारले लामिछानेलाई स्थानान्तरण गरेको हुनसक्ने रास्वपाले जनाएको छ ।

कारागार प्रशासनले रुपन्देहीमा जेलको पूर्वाधार, सुरक्षा चुनौती र कैदीबन्दीको चापका कारण लामिछानेलाई उचित सुविधा दिन नसकिएको दाबी गरेको थियो ।

तर नक्खु कारागारमा पनि क्षमताभन्दा धेरै कैदीबन्दी छन् । नख्खुमा सुविधा केही फरक हुन सक्ने कारागार व्यवस्था विभागका महानिर्देशक लीलाप्रसाद शर्माले बताएका छन् ।

रुपन्देहीको सूप्रीम बचत तथा ऋण सहकारी संस्थाको बचत अपचलनमा लामिछानेविरुद्धको मुद्दा रुपन्देही जिल्ला अदालतमा विचाराधीन छ । त्यही मुद्दामा लामिछाने पूर्पक्षका लागि थुनामा रहेका हुन् ।

तीनवटै तहका अदालतमा पुनरावेदनको ढोका बन्द भएपछि लामिछानेले मुलुकी अपराध कार्यविधि संहिताको अर्को व्यवस्थाअन्तर्गत आफूलाई थुनामुक्त गर्न एक हप्ताअघि निवेदन दिएका थिए ।

रुपन्देही जिल्ला अदालतले गएको हप्ता उनको पछिल्लो निवेदनअनुसार थुनामुक्त गर्न अस्वीकार गरेको छ । लामिछानेको दल रास्वपाले राज्यले प्रतिशोध साँधेर मुद्दा चलाएको दाबी गर्दै आएको छ ।

गौतमबुद्ध विमानस्थल :

# पाँच महिनादेखि अन्तर्राष्ट्रिय उडान ठप्प हुँदा व्यवसायी निराश

सरकारी स्वामित्वको एअरलाइन्सले समेत उडान नगर्नु लाजमर्दो विषय भएको भन्दै काठमाडौं केन्द्रित व्यवसायीको प्रभावमा परेर सरकारले नै विमानस्थल चलाउन नचाहेको स्थानीयको आरोप छ ।

**टिआर शर्मा**

*बुटवल*

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पाँच महिनादेखि अन्तर्राष्ट्रिय उडानविहीन बनेको छ । अर्बौं लगानी भएको विमानस्थलबाट लामो समयसम्म अन्तर्राष्ट्रिय उडान नहुँदा होटेल तथा पर्यटन व्यवसायीसँगै स्थानीय बासिन्दामा निराशा छाएको छ ।

गत अप्रिलदेखि कुनै पनि अन्तर्राष्ट्रिय उडान नभएको विमानस्थलले जनाएको छ । सन् २०२५ को जनवरीदेखि मार्चसम्म ३ महिनामा भने अन्तर्राष्ट्रिय उडान सन्तोषजन भएको थियो । उक्त अवधिमा २९९ अन्तर्राष्ट्रिय उडान भएका थिए । त्यो अवधिमा काठमाडौंको त्रिभुवन विमानस्थल मर्मत भइरहेकाले नेपाल एअरलाइन्स, जजीरा, फ्लाई दुबई र थाई एअर एसियाले भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गरेका थिए । उक्त ३ महिनामा मात्रै १५ हजार १४८ यात्रुले विमानस्थल प्रयोग गरेका थिए ।

जाडो मौसममा भिजिबिलिटीको समस्या देखाउँदै विदेशी एअरलाइन्सहरुले उडान स्थगित गरेका थिए । पछि नेपाल नागरिक उड्डयन प्राधिकरणले आरएनपीएआर प्रविधि लागू गरेपछि करिब एक महिना अन्तर्राष्ट्रिय उडान पुनः सुरु भए पनि त्रिभुवन विमानस्थल मर्मत सकिएपछि चैत १६ देखि भैरहवाबाट पुनः उडान बन्द भएको हो । उद्घाटन भएको तीन वर्ष पूरा भइसक्दा पनि विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त नभएपछि व्यवसायीहरू पटक-पटक आन्दोलन गरिरहेका छन् । तर पनि विमानस्थल सञ्चालन नहुँदा उनीहरुमा निराशा छाएको छ ।

टुर एण्ड ट्राभल व्यवसायी चन्द्र थापाले काठमाडौंका ठूला व्यवसायीको प्रभाव र दबाबमा परेर सरकारले नै विमानस्थल चलाउन चासो नदिएको गुनासो गरे । 'काठमाडौंका ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय टिकटमा गर्ने कार्टेलिङ, एयरलाइन्स कम्पनीहरूले भैरहवामा सम्पर्क कार्यालय र स्थानीय एजेन्टलाई पोर्टल नखोल्नुको कारण अन्तर्राष्ट्रिय उडान भएन,' उनले भने-'दुई तिहाईको बलियो सरकारले सरकारी स्वामित्वको नेपाल एअरलाइन्स वा हिमालय एअरलाइन्सको एउटा विमान नियमित उडान गर्न नसक्नु लाजमर्दो विषय हो, यसले नै सरकारले यो विमानस्थल चलाउन नचाहेको पुष्टी हुन्छ ।'

थापाले बौद्धमार्गी पर्यटक भित्राउन थाई एअर एशियालाई भैरहवाबाट नियमित उडानको व्यवस्था सरकारले गर्नुपर्ने बताउँछन् । थाई एअरको भैरहवा-बोधगया-सारनाथ-कुशिनगर टुर प्याकेज बनाएर निरन्तरता दिने हो भने विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको कमी नहुने थापाको सुझाव छ ।

अर्का व्यवसायी सञ्जय वजिमयले अन्तर्राष्ट्रिय उडानका लागि सबै विदेशी एयरलाइन्सको टिकट काउन्टर विमानस्थलमै हुनुपर्ने, अनलाइन ई-भिसा र अन्तर्राष्ट्रिय डिजिटल पेमेन्ट प्रणाली लागू गर्नुपर्ने, भिसा सेन्टर र साउदी अरबका लागि गाम्का मेडिकल स्थापना हुनुपर्ने र बुद्धमार्गी देशहरूबाट सिधा उडानको व्यवस्था गर्नुपर्ने बताए ।

नियमित अन्तर्राष्ट्रिय उडान नहुँदा ठूला होटल र पर्यटन क्षेत्रमा भएको करिब एक खर्ब रुपैयाँ लगानी जोखिममा परेको व्यवसायीहरूको दाबी छ । व्यवसायीहरुले ऋणको किस्ता तिर्न नसक्दा निद्रा हराएको गुनासो गरेका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि म्यानपावर तथा स्वास्थ्य परीक्षण कार्यालयको अभावले एअरलाइन्स कम्पनीलाई यात्रु नपाएको बहाना दिने बाटो खुलेको जनाए ।

२०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेको यो विमानस्थलमा अहिले पनि दर्जनौं सरकारी कार्यालय, सुरक्षा निकाय र आवश्यक पूर्वाधार पूर्ण रूपमा सक्रिय छन् । भन्सार, अध्यागमन, स्वास्थ्य डेस्क, इन्धन डिपो, पार्किङ सुविधा सबै तयारी अवस्थामा छन् । १४१ मध्ये ८७ कर्मचारी स्थायी, २४ सेवा प्रदायक, ६० दैनिक ज्यालादारी, ७० सैनिक र १८५ प्रहरी तैनाथ छन् । तर, सेवा प्रदायकको गतिविधि उडानविहीन विमानस्थलमा सीमित प्रशासनिक काममै खुम्चिएको छ । विमानस्थल नचलेपछि पूर्ण क्षमतामा सञ्चालनका लागि संघर्ष समिति गठन भएको छ । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले निजी क्षेत्रको ठूलो लगानी डुब्नै लागेको अवस्थामा विमानस्थल सञ्चालनका लागि दबाब दिन आन्दोलन र छलफल दुबै सँगसँगै अघि बढाइएको बताए ।

बुद्ध जन्मस्थल लुम्बिनी २५ मिनेटमै पुगिने यो विमानस्थललाई धार्मिक पर्यटनको प्रवेशद्वार मानिएको थियो ।

» बाँकी ३ पेजमा

## भैरहवा विमानस्थल नचले कुनै चल्दैन : मन्त्री पाण्डे



**मोहम्मद हबिब**

*भैरहवा*

पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनको लागि सहजीकरणको बाटोबाट अगाडि बढ्न आग्रह गरेका छन् ।

रुपन्देहीको भैरहवास्थित सिद्धार्थ उद्योग वाणिज्य संघले शनिबार गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालनसम्बन्धी छलफलमा बोल्दै मन्त्री पाण्डेले यहाँको विमानस्थल सञ्चालनका लागि व्यवसायीहरुले संघर्ष समिति गठन गर्नुभन्दा त्यसलाई समन्वय र सहजीकरणले माध्यमबाट जानु पर्छ । विरोधभन्दा पनि सहजीकरण र सहकार्य गरेर काम गर्न जरुरी भएको भन्दै लुम्बिनीवासीले बुझ्न जरुरी रहेको बताए ।

उनले भने-'यो विमानस्थल चल्छ, आज चले पनि चल्छ, भोली भए पनि चल्छ एकदिन गुल्जार भएर चल्छ । संसार भरका एयरपोट बन्ने बित्तिकै चलेका छैनन्, दुःख व्यहोरेर मात्रै चलेका छन् । सुरुमै एयरपोर्ट गुल्जार कहीं पनि हुँदैनन्, निराशा बोकेर नै आशा भएको हो ।'

समय हामीले कुर्नु पर्छ, नकुरी उपाय नै छैन । ग्यारेण्टीका साथ भन्छु यो एयरपोट नचले नेपालमा कुनै एयरपोट चल्दैन । हामी आफैंले निराशा सम्प्रेसण गरेका छौं । ग्राउण्ड हेन्डलीङको विषयमा नेपाल एयरलाइन्ससँग कुरा गरी समाधान गर्दै यसलाई प्रभावकारी बनाउँदै लैजाने उनले बताए ।

निजी क्षेत्रलाई रातो कार्पेट बिछ्याएर लगानी गर्ने वातावरण बनाउन पर्छ । निजी क्षेत्र अगाडि नबढे विकास नहुने बताउँदै उनले ३ वटा कुरामा निजी क्षेत्रले ध्यान दिनु पर्ने बताए । कर छली गर्न नपाउने, कर छली हुन नदिन राज्यसँग कर छली गर्दैन भन्ने आत्मविश्वास दिनुपर्छ, दोस्रो श्रमको शोषण गर्न नपाउने गरी राज्यले ध्यान दिनुपर्छ भने तेस्रो उपभोक्तालाई ठगी गर्न पाउँदैन, यो ३ वटामा ध्यान दिए करोड लगानी गर्ने निजी क्षेत्रले ५ वर्षपछि अर्ब पुऱ्याउँछन् ।

प्रतिस्पर्धा गरी चलाउन नसकिएको विमानस्थल चलाउन दिने गरी ऐन बनाउनेमा सरकार दृण रहेको छ । ठूलो लगानीका गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल लामो समयदेखि उडानविहीन भइरहेका बेला निजी क्षेत्रले चाहेमा सञ्चालन गर्न दिन मिल्ने गरी ऐनमा व्यवस्था गरिने उनले बताए ।

» बाँकी ३ पेजमा

## परम्परा जोगाउन बुटवलमा रोपाइँ जात्रा




**लुम्बिनी संवाददाता**

*बुटवल*

मौलिक संस्कृति जगेर्ना गर्ने उद्देश्यले बुटवलमा रोपाइँजात्रा मनाइएको छ । अर्घाखाँची मरेङ -रुपन्देही सम्पर्क मञ्चको आयोजनामा र श्री नवदुर्गा मन्दिर समितिको सह-आयोजनामा बुटवल-११ देवीनगर चौपारीमा आयोजित रोपाइँ जात्रा तथा तिज विशेष कार्यक्रम-२०८२ भव्यतापूर्वक सम्पन्न भएको हो ।

कार्यक्रमको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मौलिक संस्कृतिको पुस्तान्तरण अपरिहार्य रहेको उल्लेख गरे । आचार्यले मौलिक सांस्कृतिक परम्पराहरूको संरक्षण र प्रवर्धनका लागि पुस्तान्तरण अपरिहार्य रहेको बताए । 'हाम्रा मौलिक परम्परा र संस्कृतिहरू बिस्तारै ओझेलमा पर्दै गइरहेका छन् । वर्षौंदेखि मनाउँदै आएका परम्पराहरू पुस्तान्तरण हुन जरुरी छ,' उनले भने-'युवा पुस्तालाई परम्परा र संस्कृति हस्तान्तरण गर्दै जगेर्ना गर्न आवश्यक छ ।'

हरितालिका तिजको अवसरमा आमा तथा दिदीबहिनीहरूमा शुभकामना व्यक्त गर्दै उनले पर्व उत्साह र उल्लासका साथ मनाउनुपर्ने, तर पर्वका नाममा विकृतिलाई प्रोत्साहन गर्न नहुनेमा जोड दिए ।

'चाडपर्व मनाउने नाममा विकृतिलाई प्रोत्साहन गर्ने प्रवृत्ति बढ्दैछ, यस्ता विकृतिहरुलाई निरुत्साहित गर्नुपर्ने साझा जिम्मेवारी हो,' उनले भने-'मौलिक कला, संस्कृतिको संरक्षण गर्दै अघि बढ्न आवश्यक छ ।'

मञ्चका अध्यक्ष दिनेश कुँवरले जात्राबाट नयाँ पुस्तालाई सांस्कृतिक सम्पदाबारे जानकारी दिलाउने उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको उल्लेख गरे ।

सह-आयोजक संस्थाका अध्यक्ष अर्जुन कुँवरले सरायँजस्तै रोपाइँ जात्रालाई पनि व्यवस्थित रूपमा निरन्तरता दिने उल्लेख गरे ।

कार्यक्रममा सुरुवा कटालेको हाकसँगै उल्टो हलोले जोत्ने परम्परागत दृश्य, बाउसे र खोकमार्ने चलन, रथयात्रा, मयुर नाच, घोडा नाच, लाउरे-लाउरेनी अभिनय, बाँदरसहितका रमाइला झाँकीले दर्शकलाई मन्त्रमुग्ध बनाएको थियो ।

रोपाहारहरूले धानको बिउ हातमा लिएर भाकामा नाच्दै रोपेको अभिनय गर्दा उपस्थित दर्शक उत्साहित बनेका थिए ।

भगवती भजन मण्डलीको विशेष भजन, नवदुर्गा मन्दिरको रथयात्रा, सान्देली, फुल्लेल, मोतीपुर महिला समूह, क्षेत्री समाज, नेवा समाजसहित स्थानीय समूहहरूको प्रस्तुति कार्यक्रमको अर्को आकर्षण बनेको थियो ।

सम्पन्न कार्यक्रममा करिब एक सयभन्दा बढी कलाकारले परम्परागत रोपाइँ जात्राका आकर्षक झलक प्रस्तुत गरेका थिए ।



BAJH AUTOMOBILES PVT LTD
BUDDHA CHOWK, BHAIRAHAWA
071-571855, 9815487642
FINANCE SUPPORTED BY: HFL

## सम्पादकीय

# मापदण्ड पालना गराऊ

रूपन्देहीका शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण केन्द्रहरुमध्ये अधिकांश सरकारले तोकेको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेको पाइएपछि स्थानीय प्रशासनले मापदण्डको विवरण अद्यावधिक गरी बुझाउन सूचना निकालेको छ। विभिन्न मुलुकमा पढ्न जाने विद्यार्थीहरुका लागि शैक्षिक परामर्शका साथै कलेज छनौट र भर्नामा सहजीकरण गर्ने कन्सल्टेन्सीलाई नियमनमा कडाइ गर्न स्थानीय प्रशासनले देखाएको सक्रियता सकारात्मक छ।

रूपन्देही जिल्ला प्रशासन कार्यालयका अनुसार, जिल्लाका १६ वटा कन्सल्टेन्सी मात्र मापदण्ड पूरा गरेको अरु कन्सल्टेन्सीले मापदण्ड पालना नगरेको प्रारम्भिक जानकारी छ। कन्सल्टेन्सीहरुले प्रचलित कानुनले तोकेका कार्यहरु बाहेक भिसा प्रक्रिया, जागिरको ग्यारेन्टी, ट्राभल एजेन्सी र सहकारीसँग मिलेमतो गरी नक्कली कागजात बनाउने, मेनपावरले गर्ने काम व्यक्तिगत र संस्थागत रूपमै गरेका घटनाहरु पनि सार्वजनिक भएका छन्। स्थानीय प्रशासनले १० बुँदे मापदण्डको विवरण अद्यावधिक गरेर बुझाउन निर्देशन दिएको छ। त्यसअनुसार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त इजाजत, अनुमति पत्र व्यवसाय दर्ता सम्बन्धमा स्थानीय पालिकाको व्यवसाय दर्ता प्रमाणपत्र अद्यावधिक गर्न भनेको छ। त्यसैगरी, कन्सल्टेन्सीका प्रशिक्षकको योग्यता न्यूनतम स्नातक उत्तीर्ण गरेको हुनुपर्ने, भाषा प्रशिक्षकको कागजात र करार सम्झौता, कम्तीमा स्नातक तह पास गरेको तालिम प्राप्त २ जना काउन्सीलरको व्यवस्था गरेको विवरण उपलब्ध गराउन निर्देशनमा उल्लेख गरिएको छ। सरकारले तोकेका मापदण्डसहितको कागजात तोकिएको समयमा उपलब्ध गराउने वा मापदण्ड पूरा गरेको नपाइएमा प्रचलित कानुन बमोजिम कारबाही गर्ने चेतावनी दिइएको छ।

मापदण्ड पूरा नगरी कन्सल्टेन्सी चलाउँदा विकृति मौलाएका बेला स्थानीय प्रशासनले नियमनलाई प्रभावकारी बनाउन चालेको कदम नतिजामुखी हुनुपर्छ। विगतमा पहिले पनि यस्तै खालका अरु संस्थामा मापदण्ड खोइ भन्ने, तर पछि नियमनमा बेवास्ता गर्ने गरिएको थियो। अहिले पनि विगतको अवस्था दोहोरिनु हुँदैन।

राज्यका निकायको जिम्मेवारी र जवाफदेहीताको खोजी भएको छ। जिम्मेवारी पूरा गर्नुपर्ने निकायले जिम्मेवारी पूरा गर्ने हो भने समाजमा विधिको शासन व्यवहारमा स्थापित हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्नुपर्छ। विधिको शासनलाई व्यवहारमा स्थापित गर्नका लागि रूपन्देही प्रशासनले चालेको कदम बिचैमा रोकिनु हुँदैन। मापदण्ड पूरा नगरेका कन्सल्टेन्सीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ।

# धम्मपदः मानव मनोविज्ञानको दिग्दर्शक



कमल सिलवाल




धम्मपद, जसका बारेमा जति लेखे पनि, जति बोले पनि कमै हुन्छ। धम्मपदलाई मानव जीवनको पथप्रदर्शक भने पनि अत्युक्ति हुँदैन। आचार्य बुद्धरक्षित भन्नु हुन्छ-"धम्मपद सामान्य मानिसका लागि परामर्शदाता हो, बौद्धिक व्यक्तिका लागि सोंच्न बाध्य बनाउने ग्रन्थ हो भने साधकका लागि व्यवहारिक मार्गदर्शक हो।" यस आलेखमा धम्मपदको बहुआयामलाई नकेलाई यसको मनोवैज्ञानिक पाटो मात्र केलाउने प्रयास गरिनेछ। जसलाई हामी आधुनिक मनोविज्ञान भनेर चिन्छौँ, ती समय सापेक्ष र देशकाल सापेक्ष छन्, तर भगवान बुद्धका वाचनहरु सर्वकालिक र सार्वभौव छन्। भगवान बुद्ध कै वचनहरुको संग्रहको रुपमा रहेको धम्मपदमा मनको विश्लेषण कसरी गरिएको छ, धम्मपदका गाथाहरुले मनलाई कसरी व्यक्त गरेका छन् भन्ने कुरा नै यस लेखको केन्द्र हो।

धम्मपद, २६ वग्ग अर्थात् वर्गहरुमा संगठित ४२३ गाथाहरु संकलन भएको ग्रन्थ हो। यो ग्रन्थ यसकारण पनि प्रमुख छ कि यसमा न कुनै अलौलिक तत्वको वर्णन छ, न स्वर्ग-नर्क कै कुरा छन्। यसमा त जीवन बाँच्ने कला, आफू हुनुको अर्थ, आफैँलाई शुद्ध बनाउने उपाय र स्वयमको पहिचानका सन्दर्भमा विश्लेषण गरिएको छ। धम्मपद, संसारका प्रायः सबै भाषामा अनुवादित ग्रन्थ हो।

आजको बजारमा जबरजस्ति घिस्याउन खोज्ने स्व-निर्माण अर्थात् 'सेल्फहेल्प' नामका पुस्तकाकारहरुले ठूलो हिस्सा ओगटेका छन्। ती र त्यस्ता सबै पुस्तकाकारहरुको जननी धम्मपद नै हो भन्दा अत्युक्ति नहोला। प्रसिद्ध बौद्ध विद्वान तिक न्यात हन्ह भन्नुहुन्छ-"म यो सानो ग्रन्थलाई सधैँ आफ्नो साथमा राखेर हिँड्ने सल्लाह दिन्छु, यसलाई ऐनाजस्तै गरेर प्रयोग गर्नुहोस्। यसले तपाईँको व्यवहारलाई स्पष्ट प्रतिविम्बित गर्नेछ।"

भगवान बुद्धले आफ्ना शिक्षालाई दुई प्रकारले सिकाउनु भयो। जे सिकाउन खोजेको हो त्यहि अनुरुपको व्यवहार गरेर, त्यहि अनुरुप बाँचेर र देशनाको ज्ञान अनुरुप बाँच्न सकिन्छ भनेर प्रमाणित गरेर सिकाउनु भयो भने उपाय कुशलताको प्रयोग गरी देशना मार्फत् पनि आफ्ना शिक्षाहरु प्रदान गर्नु भयो। बुद्धका देशनामा सदाचार र शीलको विशेष स्थान पाइन्छ। सदाचारी र शीलवान मनको निर्माणमा मार्गहरु भगवान बुद्धका शिक्षा हुन्। मनको गहिराइसम्म पुगी मनको मनोवैज्ञानिक विश्लेण र मनलाई माझ्ने उपाय भगवान बुद्धका देशनामा पाइन्छन्।

धम्मपदको पहिलो गाथा नै मनको चरित्रबाट आरम्भ छ।
मनोपुब्बाङ्गमा धम्मा, मनोसेट्ठा मनोमया।
मनसा चे पदुट्ठेन, भासति वा करोति वा। ततो नं दुक्ख मन्वेति, चक्कंव वहतो पदं॥

मन सबै धर्म (कर्म) हरुको मूल हो। सबै कर्मको लागि मन नै प्रधान छ, मन नै सबै कुराको उत्पत्तिको मूल हो। अशुद्ध मनले कुनै कर्म हुन्छ वा बोलिन्छ भने दुःखले त्यसरी नै पछ्याउँछ जसरी गोरुका पद चिन्हलाई गाडाका पाङ्ग्राहरुले पछ्याउँछन्।

हामी कसैप्रति दुराग्रह पालेर बस्छौँ, कसैलाई चोट पुऱ्याउने वा हानी गर्ने योजना बनाउँछौँ भने त्यस्ता दुराग्रह वा योजनाहरुले दोस्रो व्यक्तिलाई भन्दा पहिले आफैँलाई दुखित बनाइ रहेको हुन्छ। मनमा शत्रुता उत्पन्न हुनु भनेको स्वयम्को मानसिक स्थितिमा खलबली हुनु हो। हानी पुऱ्याउने सोंच बनाइएको व्यक्तिलाई हानी होला न होला, तर पहिले आफैँलाई मानसिक हानी पुगिसकेको हुन्छ। मनको शुद्धता नै बाहिरी संसारको शुद्धता हो। जसको मन सफा छ, क्लेश रहित छ, उसको व्यवहार, बोली र दृष्टिकोणमा पनि शुद्धता नै झल्कन्छ। मनमा क्लेश र घृणा भरिएको मान्छे कहिल्यै खुसी हुन सक्दैन। सम्पत्ति र वैभवले मात्र खुसी दिने रहेनछ भन्ने कुरा त आजकै समयमा पनि विश्वका धनाढ्य भनेर चिनिएकाहरुले पनि विभिन्न संघसंस्थाहरुका माध्यमबाट दान र उपकार आरम्भ गरेको देखेकै छौँ, सुनेकै छौँ। सम्पन्नताले खुसी दिन्थ्यो भने किन दान र परोपकारमा सहभागी हुनु पर्थ्यो र? धनसम्पत्तिले भौतिक सुख त देला तर मानसिक सुख र शान्तिका लागि मनको शान्ति आवश्यक छ। मनलाई शान्त र सुखी बनाउन यसमा जमेका लोभ, मोह, तृष्णा, इर्ष्या जस्ता क्लेशहरुलाई पखाल्नु जरुरी छ। सफा मनले कर्म गर्नेलाई छायाँले साथ दिए जस्तै मानसिक सुखले निरन्तर साथ दिन्छ। मन निर्मल नहुने मानिस सधैँ बैरभाव पालेर बस्छ। आफूले को-कोबाट कस्ताकस्ता दुःख पाएँ भनेर हिसाब किताब गरेर बस्छ। यस्तो मानिस यति अशान्त हुन्छ कि उसले खुसीको एक पल पनि अनुभव गर्न सक्दैन र खुसी हुनको लागि विभिन्न कृत्रिम साधनको सहारा लिन थाल्छ। धम्मपदको पाँचौ गाथाले भन्छः

न हि वेरेन वेरानि, समन्तीध कुदाचन। अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो।

मनमा शत्रुता पालेर कहिल्यै मित्रताको धर्म निर्वाह गर्न सकिंदैन। शत्रुताको भावले शत्रुता निर्मुल हुँदैन। मित्रताको भाव नै शान्तिको बाटो हो र यहि नै युगौ युगको सत्य पनि हो। कसैले अलिकति मन दुखायो भने रातभरि निन्द्रा लग्दैन। बदलाको भाव जागेर आउँछ। हिजोसम्मका सबै मिठा पलहरु तिता लाग्न थाल्छन्। तर यो बदलाको भावले स्वयम्लाई कति हानी गरेको छ, हामीलाई होसै हुँदैन। बदला लिएर होइन,, बदलिएर, मनको मैलो पखालेर मात्र सम्बन्धको सही भूमिका निर्वाह हुन सक्छ। राम्रा लुगा वा गरगहनाले शारीरिक सुन्दरता त बढाउला, तर व्यक्तित्वमा सुन्दरता निखार्न त मनको सुन्दरतामा ध्यान दिनु पर्छ। अग्ला घरहरु र प्रसस्त सुविधाका साधनहरु संग्रह गरेर आफूलाई अरुभन्दा सुखी देखाउन खोज्नेहरु आफ्नै प्रमादका कारणले दुःखको दलदलमा फसिरहेका हुन्छन्। हामीसँग सुविधाको संग्रह ठूलो छ जसले प्रेम र स्नेह बस्ने मनको घर पनि भरिदिएको छ। प्रतिस्पर्धाको जीवनमा भौतिक सम्पन्नताको शिखर चढ्दा चढ्दै मनको सन्तुष्टि कहाँ हरायो हरायो। आफू बाहेक सबै बैरी झैँ लाग्छन्। यो बैरभाव वास्तवमा अरुप्रतिको भाव नभई स्वयम्को स्वयम् प्रतिको वैरता हो। मनको घर शरीर हो। दिनरात नभनी शरीरलाई सास्ती दिएका छौँ, मात्र फलानो भन्दा भौतिक रुपमा आफ्नो सम्पन्नता प्रमाणित गर्न।

अत्त हवे जितं सेय्यो या चायं इतरा पजा। अत्तदन्तस्स पोसस्स निच्चै सञ्ञतचारिनो। (१०४)

अरुलाई जित्न सजिलै सकिएला स्वयम्लाई जित्नु चैँ महत्वपूर्ण विजय हो। मनलाई बसमा राख्न सक्ने मात्र सच्चा विद्वान हो। भन्न त प्रायः मानिसहरु भन्छन्-"म मेरो मनको मालिक हुँ।" यस्तो सुन्दा लाग्छ यस्तो भन्ने मान्छेहरुले मनमाथि विजय प्राप्त गरिसकेका छन्, तर यति सोंच्न नभ्याउँदै तिनैले थप्छन्-"मेरो मनले जे भन्छ म त्यही गर्छु।" त्यसो भए मनको मालिक भइयो कि नोकर भइयो त? मनको मालिकले त मनलाई नियन्त्रणमा राख्न सक्नु पर्ने हो नि, होइन र? वास्तवमा हाम्रा सारा पीडाहरु मनलाई जित्न नसक्दा उत्पन्न हुन्छन्। मनमा इच्छाहरुको सगरमाथा बनाएर हिँडेको मान्छे, फलानाको जस्तो घर, गाडी, व्यवसाय, साधन भन्दा भन्दै क्षण भर पनि सुखको अनुभूति गर्न नपाई जीवनयात्रा समाप्त गर्छ। मनको नियन्त्रण गर्नु भनेको वास्तवमा इच्छा र आवश्यकताका बिचमा फरक छुट्याउन सक्नु हो। आवश्यकतामा रमाउने मान्छे सुखानुभूतिका साथ बाँच्छ भने इच्छाहरुको पछाडि दौडने मानिस स्वको अनुभव नै गर्न नपाई बिदा हुन्छ। मनको पहिचान नै स्वयम्को पहिचान हो।

अत्ता हि अत्तनो नाथो, कोही नाथो परो सिया।
अत्तना व सुदनूतेन, नाथं लभति दुल्लभं। (१६०)

आफ्नो मालिक स्वयम् नै हो। अरु त को नै मालिक बन्न सक्छ र? इन्द्रियहरु आफ्नो नियन्त्रणमा राख्नु नै आफ्नो मालिक बन्नु हो। इन्द्रिय सुखका लागि मरिहत्ते गर्नेहरु दुर्घटनाका शिकार बन्छन्। वासना भोग र विलासको अपेक्षाले गाँजेपछि मानिस सही र गलत बिचमा भेद गर्न असमर्थ हुन्छ। त्यही नै दुर्गतिको द्वार हो। सामाजिक, राजनैतिक र आर्थिक रुपमा समाजमा स्थापित भएका त्यस्ता व्यक्तिहरु पनि हामीले देखेका, भेटेका, सुनेका छौँ, जसले आफ्ना इन्द्रिय नियन्त्रणमा राख्न नसक्दा सबै पहिचान गुमाउनु परेको छ। यो अरु कसैले गरिदिएको कर्म होइन। यी त आफू आफ्नो मालिक बन्न नसक्नु, मनलाई अधिनमा राख्न नसक्नुका परिणामहरु हुन्। आवेग र उत्तेजनाहरु अनियन्त्रित मनका उपज हुन्। यस्तै उपजहरुका कारणले मान्छेले व्यवहारगत विश्वसनीयता गुमाउँछ, आचरणगत प्रतिष्ठा गुमाउँछ र दुर्घटनाको सिकार बन्छ, अनि निर्लज्ज भएर भन्छ, 'मान्छे परिस्थितिको दाश हो।' स्वस्थितिको सही विश्लेषण गर्न असफल मान्छे, परिस्थितिको मूल्याङ्कन गर्छ। आफ्नै मनलाई नियाल्न नसक्ने मान्छे आफू बाहेक बाँकी सबैका मूल्याङ्कन गर्दै हिंड्छ।

वनं छिन्दथ मा रुक्खं, वनतो जायती भयम्। छेत्वा वनञ्च वनथञ्च, निब्बाना होथ भिक्खवो। (२८३)

मन बगैँचा हो। जसरी सुन्दर बगैँचालाई नियमित सरसफाइ र गोडमेल नगरे फोहोर र घाँसले छोप्छ, त्यसैगरी मनलाई पनि नियमित सरसफाइ र गोडमेल जरुरी छ। यसमा उम्रेका क्लेशरुपी झारपातलाई समय समयमा फ्याँकेर मनलाई सुन्दर बगैँचाकै रुपमा रहन दिनुपर्छ। तर गोडमेल गर्दा ध्यान दिनु पर्छ, कतै सुन्दर फूलहरु नउखेलिउन्। तृष्णा, आशक्ति जस्ता जंगल फ्याँकेर सफा भएको मनमा प्रेम, स्नेह र करुणाको वास हुन्छ, जसले मुक्ति अर्थात् निर्वाण तिरको यात्रामा सहयोग गर्छ। आशक्ति र तृष्णा यस्ता जंगल हुन् जहाँ हरपल डर मात्र उत्पन्न हुन्छ। आशक्ति र तृष्णा कै कारण लुट, व्यभिचार, भ्रष्टाचार जस्ता सामाजिक अपराधहरु मौलाई रहेका छन्। जसको मन नियमित गोडमेल हुन्छ, झारपात पतिङ्गर हुँदैन, ऊ सँधै प्रशन्न र सुखी हुन्छ। सत्रुता, इर्ष्या, प्रतिशोध, मोह, रीस आदि सबै भावहरु मनका उम्रेका जंगल हुन्। तिनीहरुको नियमित सरसफाइ आवश्यक छ। जसरी मैला लुगा धुनु र फोहोर शरीर नुहाउनु आवश्यक छ त्यस्तै मनको मैल सफा गर्नु पनि आवश्यक छ। जसले मनका सबै मैलो सफा पार्छ उसले मात्र भन्न सक्छ, "म मेरो मनको राजा हुँ, मालिक हुँ"।

भवतु सब्ब मंगलम्!

(लेखक लुम्बिनी बौद्ध विश्वविद्यालय स्नातकोत्तर तह प्रायोगिक बौद्ध अध्ययनतर्फ प्रथम वर्षमा अध्ययनरत विद्यार्थी हुन्।)

# धारा फुटेको गाउँ र हाम्रो स्वास्थ्यः जनस्वास्थ्य नै राष्ट्रिय सम्पत्ति

कविता खनाल

स्वास्थ्य सेवा भनेको केवल अस्पताल र उपचारसम्म सीमित होइन। रोग आउनु अघि नै रोकथाम गर्नु नै साँचो स्वास्थ्य सुरक्षा हो। नेपालजस्तो विकासोन्मुख देशमा, जहाँ स्रोत सीमित छन्, यदि जनस्वास्थ्य र रोकथाम सेवामा लगानी नगर्ने हो भने, हामी दीर्घकालीन विकास र समृद्धिको बाटोबाट टाढिँदै जानेछौं। रोगको जोखिम घटाउन र स्वस्थ समाज निर्माण गर्न हामी सबैले समन्वय र प्रतिबद्धताका साथ अघि बढ्न आवश्यक छ। यही सोच र क्रियाशीलताले मात्र नेपाललाई सशक्त, समावेशी र दिगो स्वास्थ्य प्रणालीको दिशामा अगाडि बढाउन सक्छ।

**धारा फुटेको गाउँ**

एक गाउँमा पानीको मुख्य धारा अचानक फुट्यो। पानी गाउँभरि बग्न थाल्यो। गाउँका केही ज्ञानीहरू भेला भए। एउटा गाउँले डाक्टर दङ्ग पर्दै भन्यो,

'यो त राम्रो भयो! अब त 'फोकाहुने', 'पानीमा बगरे हुनसक्ने समस्याका' बिरामीहरू धेरै आउनेछन्। अस्पतालमा काम बढ्नेछ, हाम्रो सेवाको मूल्य बढ्नेछ।' अर्को व्यापारी हाँस्दै बोले-'म त काठका डुङ्गा बेच्छु, तेस्रो दिनमै धनी हुन्छु!' त्यस बेलासम्म गाउँको एउटै बुढी आमा, जसले वर्षौंअघि गाउँमा हात धुने, सफा खानेपानी र रोग रोकथामको कुरा सिकाएकी थिइन्, चुपचाप एउटा बाल्टिन र कपडा लिएर धारा मर्मत गर्न गइन्।

गाउँका युवाहरूले सोधे-'आमा, किन यस्तो हतारमा धारा मर्मत गर्दै हुनुहुन्छ? बिरामी बढे भने त अस्पतालले उपचार गर्छ नि!' आमाले मुस्कुराउँदै भनिन्-'म त रोग आउनै नदिने पक्षमा छु, किनकि बिरामी निको पार्नु भन्दा बिरामी नै नपार्नु सजिलो र सस्तो हो। अस्पताललाई काम दिनु राम्रो, तर गाउँलाई रोग दिनु मूर्खता हो।' त्यसपछि मात्र गाउँलेहरूले बुझे–'धारा फुटेको बेला डुङ्गा बनाउनेभन्दा धारा बन्द गर्ने मानिस नै साँचो नायक हो। त्यसैगरी हाम्रो स्वास्थ्य प्रणालीमा पनि नायक भनेको जनस्वास्थ्य नै हो।'

जनस्वास्थ्य र निवारक स्वास्थ्य सेवाको महत्त्व बुझ्न गाह्रो छैन।

नेपालले दशकौँदेखि स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ- १९५६ सालको मलेरिया उन्मूलन कार्यक्रमदेखि महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम, स्वास्थ्य चौकी विस्तार, र संविधान २०७२ मार्फत स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गर्नेसम्म। यी सबै उपलब्धिका केन्द्रमा जनस्वास्थ्य नै थियो, जसले रोग आउनु अघि नै रोक्ने, समुदायलाई सचेत पार्ने, र दीर्घकालीन स्वास्थ्य सुरक्षाको ढाल बन्यो।

तर अहिले केही नीति-निर्माता र सरोकारवालाहरू 'स्वास्थ्य भनेको अस्पताल र उपचार मात्र हो' भन्ने संकुचित दृष्टिकोणमा अडिएका देखिन्छन्। यो सोच खतरनाक मात्र होइन, आर्थिक दृष्टिले पनि अल्पदृष्टि हो। अस्पतालले रोग निको पार्छ, तर जनस्वास्थ्यले रोग हुनै दिँदैन।

**विश्वस्तरका तथ्यहरूले देखाउँछन्–**

जनस्वास्थ्यमा गरिएको लगानीले १४ देखि २७ गुणासम्म प्रतिफल दिन्छ।

खोपमा गरिएको प्रत्येक १ रुपैयाँ खर्चले २१ रुपैयाँ उपचार खर्च बचत र ५४ रुपैयाँ उत्पादनशीलता वृद्धि ल्याउँछ। कार्यस्थल स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा प्रत्येक १ डलरको लगानीबाट ३ डलर उपचार खर्च बचत र ५.८२ डलर अनुपस्थितिमा कमी हुन्छ।

**नेपालको वर्तमान अवस्था हेर्दा–**

कुल बजेटको ४.९% र जीडीपीको ०.१६% मात्र स्वास्थ्यमा खर्च हुन्छ, जसको सरकारी अंश २% भन्दा कम छ।

स्वास्थ्य खर्चको ५५-६०% परिवारकै खल्तीबाट निस्कन्छ, जुन डब्लुएचओको सिफारिस (१५-२०%) भन्दा धेरै बढी हो।

मृत्युको ७१% कारण असंक्रामक रोग (जस्तै मुटु रोग, मधुमेह, क्यान्सर) हुन्, जुन धेरै हदसम्म रोकथाम योग्य छन्।

**महत्त्वपूर्ण प्रश्नहरू**

के जनस्वास्थ्य बिना हामी कोभिड-१९ जस्तो महामारी नियन्त्रण गर्न सक्थ्यौँ?

के जनस्वास्थ्यको सक्रिय ट्र्याकिङ, क्वारेन्टिन, र स्वास्थ्य शिक्षा बिना अस्पतालहरूले बिरामीहरूको भार सम्हाल्न सक्थे?

कोलराको महामारीमा सफा पानी र हातधुने अभ्यास नहुँदा के संक्रमित दर यति छिटो घट्थ्यो?

बाढीपछिको सरसफाइ र संक्रमण नियन्त्रण नगरेको भए स्वास्थ्य अवस्था कस्तो हुन्थ्यो?

के असंक्रामक रोगहरू नियन्त्रणमा जनस्वास्थ्य कार्यक्रम बिना दीर्घकालीन सफलता सम्भव छ?

के बाल र मातृ मृत्यु दर घटाउन खोप र पोषण कार्यक्रम बिना सम्भव हुन्थ्यो?

यी ऐतिहासिक अनुभवहरूले स्पष्ट देखाउँछन्–जनस्वास्थ्य प्रणालीको सशक्तीकरणले नै आपतकालीन अवस्थाहरूमा देशलाई बचाएको छ।

**विश्वका आवाजहरू**

डब्लुएचओका महानिर्देशक डा. टेड्रोस – "रोकथाम नै उत्कृष्ट लगानी हो।"

जनस्वास्थ्य विज्ञ फ्रान्कलिन ह्वाइट – "स्वास्थ्य मुख्यतया घर, समुदाय, र कार्यस्थलमै निर्माण हुन्छ... बिरामीको सानो अंश मात्र अस्पतालमा निको पार्न सकिन्छ।"

महामारी विज्ञ ज्योफ्री रोज – "जनसंख्या स्तरमा सानो मात्र जोखिम घटाइए पनि, उच्च जोखिम भएका केहीलाई मात्र उपचार गर्ने भन्दा धेरै रोग रोकथाम गर्न सकिन्छ।"

बेंजामिन फ्र्याङ्कलिन – "थोरै रोकथाम एक पाउन्ड उपचार बराबर हुन्छ।"

नेपाल संघीयतामा प्रवेश गरेपछि सम्भावना अपार छ, तर लगानी, दृष्टिकोण र प्रतिबद्धता बिना सम्भावना विफल हुन्छ।

यस कारण–

स्वास्थ्य बजेटको न्यूनतम १०% जनस्वास्थ्यमा सुनिश्चित हुनुपर्छ।

नीति निर्माणमा जनस्वास्थ्यको आवाज सशक्त हुनुपर्छ।

सार्वजनिक धारणा परिवर्तन गरेर स्वास्थ्य भनेको उपचार मात्र होइन, रोकथाम हो भन्ने बुझाउनुपर्छ।

यो मौन बस्ने समय होइन। आज हामी मौन बस्यौं भने जनस्वास्थ्य मात्र कमजोर हुने होइन, पुरै मेटिने खतरा छ। आजैदेखि सबै जनस्वास्थ्यकर्मी एकजुट भई प्रमाण र तथ्यांकसहित नीति निर्माणमा संवाद गर्न, मिडियामा प्रभावकारी सन्देश पुर्याउन, र समुदायस्तरमा रोकथाम कार्यक्रम विस्तार गर्न आवश्यक छ।

जनस्वास्थ्यमा लगानी गर्नु केवल नैतिक दायित्व मात्र होइन–यो राष्ट्रको दीर्घकालीन समृद्धि र स्थायित्वका लागि अपरिहार्य रणनीति हो। एक सुदृढ जनस्वास्थ्य प्रणालीले रोगको रोकथाम, स्वास्थ्यमा समानता, र समयमै हस्तक्षेपलाई सुनिश्चित गर्छ, जसले दीर्घकालमा स्वास्थ्य प्रणालीमाथिको बोझ घटाउँछ र सरकारी खर्च बचत गर्छ।

जनस्वास्थ्य कार्यक्रमहरूले सरसफाइको अभाव, कुपोषण, प्रदूषण, र स्वास्थ्य शिक्षा नहुँदा हुने रोगका मूल कारणलाई सम्बोधन गर्दै दिगो विकास लक्ष्यहरू जस्तै सबैका लागि राम्रो स्वास्थ्य र जीवनस्तर, असमानता न्यूनीकरण, र दिगो समुदाय निर्माणमा महत्वपूर्ण योगदान दिन्छन्।

स्वस्थ जनसंख्या बढी उत्पादक हुन्छ, कम उपचारमा निर्भर हुन्छ, र आर्थिक वृद्धिका लागि सक्षम हुन्छ। दीर्घकालमा, प्रभावकारी जनस्वास्थ्य रणनीतिले न केवल जीवनस्तर सुधार गर्छ, तर रोग प्रकोप, श्रमशक्ति ह्रास, र स्वास्थ्य खर्च वृद्धिजस्ता संकटबाट राष्ट्रको अर्थतन्त्रलाई पनि जोगाउँछ।



**गौशालामा रहेका गाई**

प्यूठानको स्वर्गद्वारी नगरपालिका- २ स्थित स्वर्गद्वारी मन्दिर परिसरमा स्वर्गद्वारी महाप्रभुले बि.सं. १९५२ मा स्थापना गरेको सुरभि गौशालामा रहेका गाईहरु।

तस्विर : कुलदीप न्यौपाने /रासस

बैंकहरू सामाजिक उत्तरदायित्वमा मौन

# स्याङ्जामा मुक्तिनाथ र गरिमा बैंक मात्रै सक्रिय

**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जामा शाखा कार्यालय रहेका बैंक तथा वित्तीय संस्थाहरु सामाजिक उत्तरदायित्व बहन गर्नबाट मौन (निश्क्रिय) बसेका छन् । बैंक तथा वित्तीय संस्थालाई शाखाको सेवा क्षेत्रमा सामाजिक उत्तरदायित्वअर्न्तगत खर्च गुर्नपर्ने व्यवस्था गरे पनि स्याङ्जामा शाखा रहेका बैंकहरुले हालसम्म उत्तरदायित्व शीर्षकमा कत्ति पनि खर्च नगरि मौन (निश्क्रिय) बसेका छन् ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई प्रत्येक आर्थिक वर्षमा आर्जन गरेको मुनाफाबाट कम्तिमा एक प्रतिशत रकम उत्तरदायित्व कोषमा राख्ने व्यवस्था गरेको छ । कोषमा राखिएको एक प्रतिशतको कुल रकम मध्ये ६० प्रतिशतले हुने रकम अनिवार्य रुपमा सामाजिक उत्तरदायित्वअर्न्तगतको सेवामा खर्च गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

औद्योगिक व्यवासय ऐन, २०७६ को दफा ५४ को व्यावसायिक सामाजिक जिम्मेवारीसम्बन्धी व्यवस्थाको उपदफा १ बमोजिम बाध्यकारी व्यवस्थाका बारेमा आमसर्वसाधारणले सहज रुपमा बुझ्न नसक्दा कर्तव्य विमुख बैंक सञ्चालक र जिम्मेवारी नै नभए जसरी कर्मचारीलाई मौन बस्न सहज भएको छ ।

उत्तरदायित्व कोषको रकमबाट बैंकका सञ्चालक तथा उच्च व्यवस्थापन समूहले लापरबाही, मनपरी, बेपरवाहा (मन लाग्दी) खर्च गरेपछि राष्ट्र बैंकले २०८१ को मौद्रिक नीतिमार्फत कडाइका साथ सामाजिक उत्तरदायित्व खर्चलाई मार्गदर्शन समेत गरेको हो ।

मार्गदर्शनअनुसार शिक्षा, स्वास्थ्य, सहयोग तथा राहत, वित्तीय साक्षरता, सरकारको दिगो विकास लक्ष्य प्राप्तीमा सहयोग, सचेतना र प्रदेश स्तरमा १० प्रतिशत मानव परोपकारमा खर्च गर्नुपर्ने भनेपनि स्याङ्जामा शाखा रहेका बैंकहरु खर्च गर्नमा गुमनाम छन् ।

जिल्ला सदरमुकाममा शाखा रहेका बैंक मध्ये श्रोतले दिएको तथ्याङ्कअनुसार नेपाल बैंकले झण्डै ३०० करोड निक्षेप संकलन गर्दा १०० करोड लगानी गरेको छ । कृषि विकास बैंकले ७२ करोड संकलन गरेर ४५ करोड लगानी गरेको छ भने वाणिज्य बैंकले ७५ करोड उठाएर ७० करोड लगानी गरेको दाबी गर्दै श्रोतले एभरेष्ट बैंकले १२२ करोड १४ लाख उठाएर ५९ करोड २५ लाख लगानी गरेको जनाएको छ।

श्रोतले उपलब्ध गराएको विवरणअनुसार माछापुच्छ्रे बैंकले ७२ करोड उठाएर २० करोड लगानी गरेको छ भने कुमारी बैंकले ४० करोड संकलन गरेर २० करोड लगानी गरेको छ। प्रगतिनगरमा शाखा रहेको एनआइएमबी बैंकले ४५ करोड संकलन गरेर २० करोड लगानी गरेको दाबी गर्दै श्रोतले सानिमा बैंकले २५ करोड उठाएर २० करोड लगानी गरेको जनाएको छ ।

अन्नपूर्ण फाइनान्ससँग मर्जर भएर कैलाश विकास बैंक हुँदै पछिल्लो समय प्राइम बैंक बनेको बैंकले ६२ करोड निक्षेप संकलन गरेर २२ करोड मात्रै लगानी गरेको श्रोतले दाबी गरेको छ ।

स्याङ्जामै स्थापना भएर कठोर मेहनतले राष्ट्रिय स्तरका बैंक बन्न सफल भएको मुक्तिनाथ विकास बैंकले २११ करोड निक्षेप संकलन गरेर ८० करोड लगानी गरेको छ भने गरिमा विकास बैंकले २९३ करोड जम्मा गरेर ११२ करोड लगानी गरेको छ । बाडखोलामा शाखा रहेको लुम्बिनी विकास बैंकले ३५ करोड उठाएर १५ करोड लगानी गरेको छ ।

शाखा कार्यालय खोलेपछि जे गर्छौं (व्यापारिक टुल्स), जसरी हुन्छ बैंक अथावा हामी (लगानीकर्ता) लाई मुनाफा कमाइदेउ भनि खटाइए जस्तो गरी कर्मचारीहरु उनीहरु प्रति वफादार बन्दै मस्तिराम बनेर उत्तरदायित्व विमुख बन्दै आएका छन् ।

बैंक सञ्चालक र उच्च व्यवस्थापनको चित्त बुझाएपछि स्थानीय सेवाग्राहीले जे जस्तो समस्या झेल्नु परेपनि शाखाका कर्मचारीलाई बेमतलब कुनै सरोकार छैन् । बैंकका कर्मचारी सुकिला मुकिला र दम्बि (घमण्डी) बन्दा सेवाग्राहीहरु उत्तरदायित्वको सेवाबाट वञ्चित हुन् बाध्य छन् ।

केन्द्रका लगानीकर्ता समेत (सञ्चालक) को निर्देशनमा हाकिमले अह्राएपछि निक्षेप संकलन गर्न र ऋण लगानी गर्न ठूला र राम्रा व्यवसायीको पाउमोल्न पछि नपर्ने कर्मचारीहरुले गरिब तथा उत्पीडन वर्गका मानिसलाई छिछि र दुरदुर गर्छन् । कर्मचारीले त्यहि छिछि र दुरदुर गर्ने वर्गको हितमा सेवा (परोपकारी काम) गर भनेर राष्ट्र बैंकले उत्तरदायित्व सामाजिक जिम्मेवारी बोकाएको हो भने मार्गदर्शनमार्फत् सामाजिक उत्तरदायित्वको क्षेत्रमा खर्च गर्नेपर्ने गरि कडाइ गरेको हो ।

स्याङ्जा जिल्लामा शाखा कार्यालय रहेका बैंक मध्ये मुक्तिनाथ र गरिमा विकास बैंक बाहेक अन्य बैंकले हालसम्म सदरमुकाम, वालिङ, गल्याङ, मिर्मि चापाकोट, सेतिदोभानको कृषि, फेदीखोला, अर्जुनचौपारी, हरिनाशको गिरेकोट, बयरघारी र बिरुवा लगाएतका कुनै पनि ठाउँमा सुकेको कौडि समेत खर्च गरेका छैनन् ।

जिल्लाकै सर्वसाधारण नागरिकबाट रकम बचत (निक्षेप संकलन) गर्ने अनि उनीहरुलाई नै ऋण प्रवाह गरेर करोडौ कमाएका बैंक उत्तरदायित्व शीर्षकमा खर्च गर्न गैरजिम्मेवार छन् । गैरजिम्मेवार बन्नुको पनि सीमा छैन ।

स्याङ्जाका सर्वसाधारणबाट उठाएको निक्षेपबाट स्थानीय व्यवसायीलाई लगानी गरेर बैंकले जसरी पनि कमाउने हो भन्ने ध्याउन्नमा मात्रै केन्द्रित छन् ।

कमाउ धन्दाका कराण सर्वसाधारणको अधिकारी कागजमा सीमित बन्न पुगेको छ ।

बैंकले शाखामा निक्षेप बढी भए केन्द्रीय कार्यालयमार्फत् अन्य शाखालाई ब्याजमा लगानी गर्छन् भने जिल्लाकै व्यवसायीलाई गरेको लगानी त ऋण भैहाल्यो त्यसबाट ब्याज आइहाल्छ शाखामार्फत् जसरी हुन्छ कमाउँ । भन्ने कुरा कर्मचारीको व्यवहार र गतिविधिले पुष्टि गर्छ ।

स्थानीय एक पूर्व बैंकर्शले भनेको जस्तै अधिकांश ठूला भनाउदा बैंकका धेरै लगानीकर्ता (भारतीय मुलका नेपाली) लाई पोस्ने (पैसाका आधारमा मोटाउने बनाउ) बाहेक अरु कुरामा कर्मचारीलाई ध्यान नदेउ भन्ने आदेश भएजस्तै गरि उनीहरुको व्यवहार पनि उस्तै छ ।

**मुक्तिनाथ र गरिमाको सक्रियता**

सामाजिक उत्तरदायित्वको रकम खर्च गर्नमा मुक्तिनाथ विकास बैंक र गरिमा जिल्लामा सक्रिय छन् । प्रत्येक महिना होस वा वर्षमा यी दुई बैंकले कुनै न कुनै कार्यक्रम गरेकै हुन्छन् ।

कहिले विद्यालयमा गएर गरिब विद्यार्थीलाई पोशाक दिन्छन् त कहिले विद्यालयलाई कम्प्यूटर दिएका बैंकले शिक्षा, स्वास्थ्यमा सहयोग, राहत, वित्तीय साक्षरता त रक्तदान लगाएका कार्यक्रम गरेकै हुन्छन् ।

बैंकले सकेसम्म सामाजिक उत्तरदायित्वअन्तर्गत रचनात्मक कार्यक्रमहरु नियमित गर्दै आएको दाबी गरेका दुबै बैंकका प्रतिनिधि भन्छन्-'उत्तरदायित्वका कार्यक्रम सकेसम्म नियमित गर्छौं, अलिअलि गर्‍यो (कम्तिमा) गरेको भने पनि बैंकको स्थापना दिवसका अवसरमा देशभरका शाखाहरुमा सेवाका कामहरु गर्दै आएका छौं ।'

स्याङ्जामा वाणिज्य, विकास बैंक वा फाइनान्स कसैले पनि कहिल्यै एक रुपैयाँ खर्च गरेर उत्तरदायित्व निर्वाह गरेको अहिलेसम्म चाल नपाएको उनीहरुले बताए ।

यी दुबै बैंकका लगानीकर्ता, सञ्चालक वा कर्मचारी सबैको सक्रियतामा केही न केही रचनात्मक कार्यक्रम हुँदै आएको स्थानीयले सुनाए । दुबै बैंकहरु कहिले आँधीखोला त कहिल चापाकोट क्षेत्रमा विद्यालय पोशाक र कम्प्यूटर दियो भन्ने सुनेका छौं, यहाँ धेरै बैंकका शाखा छन्, तर अरुले केहि दिएको कहिल्यै नसुनेको उनीहरुले बताए ।

# 'सहकारी ऐन, २०७४ मा नमिलेका विषय संशोधनबाट मिलाइने'

बुटवल । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी ऐन, २०७४ मा नमिलेका विषय मिलाउन ऐन संशोधन गरिनुपर्ने बताएका छन् ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफस्कुन) को ३८औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले सहकारी ऐनमा नमिलेका विषयले यो क्षेत्रलाई व्यवस्थापन गर्न समस्या भएकाले ऐन संशोधनको आवश्यकता औँल्याए ।

तीन खम्बे अर्थतन्त्रको सहकारी महत्त्वपूर्ण खम्बा भएकाले यसलाई सक्षम र सशक्त बनाइनुपर्ने मन्त्री अधिकारीले धारणा राखेका थिए ।

वडा, पालिका र जिल्लामा कति सहकारी आवश्यक हो, त्यो पहिचान गरेर दर्ता गरिनुपर्ने बताउँदै उनले तरलताको व्यवस्थापनमा सहकारी क्षेत्र लाग्नुपर्नेमा जोड दिए ।

सहकारी नियमन प्राधिकरण, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले काम गरिरहेको बताउँदै बदनाम भएका सहकारीको अभिलेख तयार पार्न सरोकार भएका निकायलाई मन्त्री अधिकारीले निर्देशन दिए ।

समितिका अध्यक्ष श्रीमनकुमार गौतमले सरकारले घोषणा गरेका समस्याग्रस्त २३ सहकारीमध्ये तीन वटाको हिसाबकिताब राफसाफ गरी बचतकर्ताको सबै बचत रकम फिर्ता गरिएको उल्लेख गरे ।

कार्यक्रममा सहकारी महासङ्घका अध्यक्ष ओमदेवी मल्ल, नेफस्कुनका अध्यक्ष चन्द्र ढकालगायत वक्ताले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि आवश्यक छलफल र पहल भइरहेको बताएका थिए ।

# नेपाल बङ्गलादेश 'ए' सँग पराजित




बुटवल। अस्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी 'टप एन्ड टी-२०' सिरिजमा नेपाल बङ्गलादेश 'ए' टोलीसँग पराजित भएको छ। नेपालको यो लगातार दोस्रो हार हो। यसअघि शुक्रबार भएको पहिलो खेलमा नेपाल एनटी स्ट्राइकसँग ४२ रनले पराजित भएको थियो।

अस्ट्रेलियाको डार्विनस्थित मरारा क्रिकेट मैदान-२ मा शनिबार भएको खेलमा नेपाल बङ्गलादेशसँग २९ रनले पराजित भएको हो। बङ्गलादेशले जितका लागि दिएको १८४ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १५४ रनमा समेटियो।

नेपालका लागि कुशल मल्लले सर्वाधिक ५९ रनको योगदान दिए। उनले ४७ बलमा छ चौका र एक छक्काको सहयोगमा अविजित ५९ रनको योगदान गरेका हुन्। आसिफ शेखले २४ बलमा २८ रन बनाउँदा लोकेश बमले १० बलमा तीन चौका प्रहार गर्दै १५ रन बनाए भने कप्तान रोहित पौडेलले १० रन जोडे।

बलिङतर्फ राकिबुल हसनले तीन विकेट लिए भने सेफ हसन, रिपोन मण्डल र मृत्युन्जय चौधरीले समान एक/एक विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बङ्गलादेशले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १८३ रनको योगफल बनाएको थियो।

बङ्गलादेशका लागि ओपनर जिशाद आलमले सर्वाधिक ७१ रन बनाए भने अफिफ होसेनले अविजित ४८ रन बनाए। नेपालका लागि रिजन ढकालले दुई विकेट लिए भने नन्दन यादव, करण केसी र सन्दीप लामिछानेले समान एक/एक विकेट लिए।

**पाँच...**

तर, विदेशी पर्यटकको आगमन शून्य भएपछि धेरै होटलहरू घाटामा गएका छन् । कतिपय होटेलहरु ऋण तिर्न नसकेर बिक्री भइसकेका छन् ।

विमानस्थलमा महाप्रवन्धक प्रताप तिवारीले गत अप्रिलदेखि अन्तर्राष्ट्रिय उडान नभएको बताउँदै आउने अक्टुबर २६ देखि थाई एअरले साताको दुई उडान सुरु गर्ने तयारी गरेको बताए ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सन् २०२२ देखि २०२४ सम्मको ३ वर्षमा ७३१ वटा मात्र अन्तर्राष्ट्रिय उडान भएका छन् । यो ३ वर्षमा ४५ हजार ५७३ यात्रुले विमानस्थल प्रयोग गरेका छन् ।

विमानस्थलका प्रवक्ता विनोद राउतका अनुसार हाल दैनिक ५० अन्तर्राष्ट्रिय उडान क्षमता र वार्षिक ३० लाख बढी यात्रु प्रस्थान गर्नसक्ने क्षमता छ ।

विमानस्थलमा एकपटकमा ५ वटा न्यारोबडी वा एउटा वाइडबडी र ३ न्यारोबडी जहाज उडान र पार्किङ गर्नसक्ने क्षमता छ ।

क्षमताअनुसार विमानस्थल सञ्चालन हुँदा १५ दिनमा हुने उडान र यात्रु संख्या विमानस्थल नचल्दा ३ वर्षमा पनि हुन नसकेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल साँघुरो भएको, कुनै पनि समस्या आउँदा भारत र नजिकका विभिन्न विमानस्थलमा जहाज डाइभर्ट गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्ने उद्देश्यले त्रिभुवन विमानस्थलको विकल्पका रूपमा गौतमबुद्ध विमानस्थल बनेको हो । साथै बुद्ध जन्मस्थल लुम्बिनीमा विश्वका बौद्धमार्गीहरूलाई आकर्षित गरी पर्यटन प्रवर्धन गर्ने उद्देश्य पनि थियो ।

विमानस्थलको आइसीपी १ निर्माणमा ६ अर्ब ६३ करोड भुक्तानी भएको छ भने आइसीपी २ निर्माणमा ४५ लाख १५ हजार ६०९ अमेरिकी डलर र ७९ लाख ८ हजार रुपैयाँ गरी अहिलेको विनिमय दरअनुसार कूल ६३ करोड रुपैयाँ बढी भुक्तानी भएको नागरिक उडड्यन प्राधिकरणले जनाएको छ ।

कूल लागतमध्ये एशियाली विकास बैंकको ऋण र अनुदान ३७ मिलियन अमेरिकी डलर, ओपेक फन्ड फर इन्टरनेसनल डेभलपमेन्टको ऋण करिब ११ मिलियन अमेरिकी डलर र २८.१ मिलियन अमेरिकी डलर नेपाल सरकारको लगानी भएको छ ।

उद्घाटन भएको ३ वर्ष पुगिसक्दा समेत अन्तर्राष्ट्रिय उडानहरू नियमित हुन नसकेर आलोचित बनिरहेको बेला गौतमबुद्ध विमानस्थलको जग्गा अधिग्रहण र मुआब्जा वितरणको विषय समेत विवादमा तानिएको छ ।

विमानस्थलका लागि झण्डै एक दशकअघि पटक-पटक गरेर ४ सय ५२ बिघा जग्गा अधिग्रहण गरी साढे २२ अर्ब ६८ करोड रुपैयाँ मुआब्जा वितरण गरिएको थियो ।

अहिले विमानस्थलको कूल जग्गा ८०६ बिघा छ । जसमा पूर्व-पश्चिम दिशामा ३ किलोमिटर लम्बाइ र ६० मिटर चैडाइको धावनमार्गसहित इन्टरफेन्सभित्रको जगा ३१० बिघा छ। बाँकी आउटर फेन्स भित्र छ। नर्थवेस्ट सिभिल एयरपोर्ट कन्स्ट्रक्सन ग्रुप चाइनाले विमानस्थल बनाएको हो ।

सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमिति सदस्यहरुले रनवे भन्दा दक्षिणतर्फ भारतको सीमाभन्दा डेढ किलोमिटर उत्तरसम्म खोला आसपासको ठूलाठूला भंगालो (खाल्डा) आसपासमा आवश्यकता नै नभएको कमसल जग्गा ठूलो परिमाणमा खरिद गरी अर्बौं रकम मुआब्जा बाँड्नुका पछाडि नीतिगत र आर्थिक भ्रष्टाचार लुकेको भन्दै थप छानबिन गर्नुपर्ने माग गरेका छन् ।

महाप्रबन्धक तिवारीले सरकारी स्वामित्वका नेपाल एअरलाइन्स र हिमालयन एअरलाइन्सले आफ्नो प्रतिस्पर्धी क्षमता बढाउन जहाज थप्नुपर्ने र केही जहाज गौतमबुद्ध विमानस्थललाई डेडिकेटेड गर्न आवश्यक रहेको औंल्याए ।

**भैरहवा...**

विमानस्थल नचल्नुमा एक मात्र कारक छैन । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने कुरा पर्यटन मन्त्रालय मातहतमात्र नभइ पर्यटन, अर्थ, परराष्ट्र, गृह, श्रमलगायत मन्त्रालयको उत्तिकै भूमिका रहने भएकाले एक्लो प्रयासबाट जहाज उडाउन सम्भव नभएको उनले जनाए ।

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा पनि मन्त्रालयको तर्फबाट भारत समक्ष प्रस्तुत गर्नुपर्ने एजेण्डामा अन्तर्राष्ट्रिय उडानका लागि रुट अनुमति, भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलप्रति भारतले राख्ने नकारात्मक भावनाको अन्त्य र क्षेत्रीय उडानका लागि पहल गर्ने विषय समेटिएको मन्त्री पाण्डेले बताए ।

सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इस्तियाक अहमद खानले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन नहुँदा यो क्षेत्रका उद्योगी व्यवसायी संकटमा परेको बताए। संसारका मानिसहरुको पवित्रस्थल लुम्बिनीको क्षेत्रमा बनेको यो विमानस्थललाई सञ्चालनमा यहाँले भूमिका खेल्नुपर्ने सुझाव दिए । उनले सुनको कचौरा भएको यो लुम्बिनी क्षेत्रले चम्चामा भिख मागेको बताउँदै यो विमानस्थल सञ्चालन नहुनुमा भारतको कुनै भूमिका नभई भारतलाई दोष देखाएर सरकार उम्कीन खोजेको बताए। विमानस्थल सञ्चालनका लागि स्थानीय, प्रदेश र संघीय सरकारबिच तालमेल हुनुपर्ने उनको भनाइ थियो । तत्कालकालागि नेपाल एयरलाइन्सबाट भए पनि नियमित उडान गर्नुपर्नेमा उनको जोड थियो । भैरहवाबाट नेपालगञ्ज, धनगढीलगायत ठाउँमा पनि आन्तरिक उडान गर्नुपर्नेमा उनले जोड दिएका थिए ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रवन्धक प्रतापबावु तिवारीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको बारेमा पछिल्लो अपडेट गराउँदै सञ्चालनमा विभिन्न समस्या श्रृजना भएको बताए। यसअघि केही समय उडान भरेका जजीरा र थाई एयर एशियाले ७७ प्रतिशत यात्रु पाउँदा पनि नियमितता दिन नसकेको जनाए। उनले यहाँबाट भिसा, श्रमस्वीकृती, म्यानपावर र मान्यता प्राप्त भएका स्वास्थ्य संस्थाहरु नहुँदा नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य राजेशकुमार अग्रवालले सरकारले विमानस्थल चलाउन सक्दैन भने निजी क्षेत्रलाई दिएर भए पनि विमानस्थल चलाउन सक्नु पर्छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा नआउँदा पर्यटन क्षेत्रसँगै अन्य व्यवसायी पनि धरासायी भएको छन्, जग्गाको भाउ पनि बढ्नुको साटो घटिरहेको बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले विमानस्थल चल्छ की चल्दैन ? भन्ने कुरा सरकारले प्रष्ट पार्नुपर्ने बताए । 'हामीलाई सधैं निराशामा राख्न हुँदैन', उनले भने-'चलाउन सकिँदैन भने सक्दैनौं भने भइहाल्यो ।' एउटै विषयमा पटक-पटक छलफल गरिरहँदा, सञ्चारमाध्यममा यहीं विषय आइरहँदा समेत विमानस्थलबारे सरकारले बेवास्ता गरिरहेको उनले बताए ।

नेपाल उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष कुलप्रसाद न्यौपानेले काठमाडौका विचौलियाको फन्दामा सरकार परेका कारण यो विमानस्थल सञ्चालन नभएको आरोप लागए । संघका निर्वतमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन नहुनु सरकारको गम्भीर कमजोरी रहेको जनाए ।

सिद्धार्थ होटल संघ, रुपन्देहीका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चानसँगै लुम्बिनीवासीको भविष्य जोडिएको बताए । उनले पर्यटनक्षेत्र धरासायी भएका बताउँदै निर्माणाधिन होटलहरुमा बैंकहरुले लगानी गर्न डराएको उल्लेख गरे ।

सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विष्णुप्रसाद शर्माले स्थानीय, प्रदेश र संघीय सरकारको तालमेल नहुँदा पनि यो विमानस्थल सञ्चालनमा समस्या देखिएको बताए। यो विमानस्थलबाट सीमावर्ती क्षेत्रका भारतीयले पनि सुविधा लिन सक्ने उनले जानकारी दिए।

पर्यटन व्यवसायी संजिव जोशीले सरकारले चाहेमा यो विमानस्थल सञ्चालनमा कुनै समस्या नरहेको बताउँदै विमानस्थल सञ्चालनमा नेपाल सरकारको नै रुचि कम रहेका कारण सञ्चालन हुन नसकेको बताए । यो विमानस्थल ४ वटा प्रदेशसँग जोडिएको भन्दै यहाँको प्रदेश सरकार तथा स्थानीय सरकारहरुले सञ्चालनमा खासै प्राथामिकतामा नपारेको जोशीले बतए । यो विमानस्थलमा सुरक्षा कमजोरी रहेको भन्दै विमानमा कार्गो र यात्रुलाई समेत पर्याप्त सुविधा नभएको जोशीले जनाए।

पर्यटन व्यवसायी सञ्जय वजिमयले झन्डै ३० लाख पर्यटक ल्याउने क्षमता भएको यो विमानस्थलमा १५ हजार पर्यटक मात्र आउनु सरकारको कमजोरी भएको बताए ।

नाटा लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्र थापाले पर्यटन मन्त्रीले विगतमा बोलेका कुराहरुलाई पुरा गरेमात्र यो विमानस्थल सञ्चालन हुनसक्ने उल्लेख गरे । उनले सबै अन्तर्राष्ट्रिय उडानहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र हुनुभन्दा यो विमानस्थलबाट गराउन मन्त्रीलाई आग्रह गरे । सिद्धार्थ उद्योग वाणिज्य संघका कार्यसमितिका सदस्य दिपेन्द्र पौडेलले यो प्रदेशमा विदेशमा जाने श्रमिकका लागि मेडिकल, मेनपावर यहाँ भए पनि राज्यले सहजीकरण नगरेको बताए ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# बालगोपाल शिश महल तथा मणिद्धिप धाम बुद्ध विहार उद्घाटन



देवदह । दुर्गा पञ्चायन मन्दिर देवदह-७, शितलनगरको प्रांगणमा निर्माण गरिएको बालगोपाल शिश महल तथा मणिद्धिप धाम बुद्ध विहार उद्घाटन गरिएको छ। करिव ७५ लाखको लागतमा निर्माण गरिएको बालगोपाल शिश महलको एक कार्यक्रमका बिच १००८ स्वामी विवेकानन्द सरस्वति महाराजले उद्घाटन गरेका हुन् ।

यसैगरी मन्दिर प्रांगणमा निर्माण गरिएको मणिद्धिप धाम बुद्ध विहारको प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले उद्घाटन गरेका हुन् । सो अवसरमा बोल्दै प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले समृद्धि नेपाल निर्माण गर्नको लागि विविधतालाई धर्मको माध्यमबाट एकतामा बाधन सकिनेमा जोड दिए।

पूर्वमन्त्री समेत रहेका विश्वकर्माले देवदहलाई अध्यात्मिक नगरको रुपमा विकास गर्न निर्माणाधिन बालगोपाल शिश महलले टेवा पुऱ्याउने बताए । उनले देवदह नगरपालिका शहर उन्मुख क्षेत्र भएकोले पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न यस क्षेत्रमा रहेका ऐतिहासिक स्थलहरुको विकास गर्न आवश्यक रहेको औंल्याए।

लुम्बिनी प्रदेशसभा सदस्य जानकी न्यौपानेले देवदह क्षेत्रको विकासको लागि प्रदेश सरकारले सहयोग गर्ने बताइन् ।

सोही अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले पर्यटकीय क्षेत्रलाई व्यवस्थित गर्न देवदहको विकास गर्न सकिने बताए। उनले बालगोपाल शिश महल निर्माणले देवदहको विकासमा इट्टा थप्ने काम गरेको बताउँदै मन्दिरले अगाडि सारेको योजनालाई कार्यान्वयन गर्न नगरपालिका तयार रहेको बताए । उनले सीमित श्रोत साधनको सदुपयोग गर्दै नगरको विकासमा लागिरहेको जनाए।

दुर्गा पञ्चायन मन्दिर देवदह-७, शितलनगर व्यवस्थापन समितिका अध्यक्ष चेतप्रसाद बस्यालको अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग, लुम्बिनी प्रदेशसभाका पूर्वसदस्य डा. कृष्णप्रसाद न्यौपाने, नगर प्रवक्ता गणेश डुम्रे, देवदह-७, का वडाअध्यक्ष कृष्णप्रसाद अधिकारीलगायतको उपस्थिति रहेको थियो।

बालगोपाल शिश महल तथा मणिद्धिप धाम बुद्ध विहार उद्घाटन कार्यक्रममा १००८ स्वामी विवेकानन्द सरस्वती महाराजले धार्मिक प्रवचन दिएका थिए।

कार्यक्रममा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बस्यालले बालगोपाल शिश महल निर्माणको प्रतिवेदन प्रस्तुत गरेका थिए । मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष यज्ञमूर्ति पाण्डेको स्वागत र गोविन्द ज्ञवालीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# सरकारी कामकाजको भाषामा वान्तवा र चाम्लिङलाई समेट्न माग

बुटवल । कोशी प्रदेशसभामा यही साउन २२ गते सरकारी कामकाजको भाषासम्बन्धी विधेयक दर्ता भएसँगै सो विधेयकमा प्रस्तावितबाहेकका अन्य भाषा पनि समेट्न माग गरिएको छ । विधेयकमा मैथिली र लिम्बू भाषा मात्र सरकारी कामकाजको भाषामा प्रस्ताव गरिएको छ।

ती दुईवटामात्र भाषा प्रस्ताव गरिएपछि प्रदेशको बहुसंख्यक किरात राई समुदायले कम्तिमा तत्कालका लागि राईअन्तर्गतका वान्तवा र चाम्लिङ भाषालाई पनि सरकारी कामकाजको भाषामा विधेयकमा समेट्न माग गरेका छन् । किरात राई यायोक्खाले प्रेस विज्ञप्ति जारी गरी 'राई जाति एक, भाषा अनेक' भएकाले त्यसैलाई कमजोरी ठानेर राईअन्तर्गतका भाषालाई सरकारी कामकाजको भाषाबाट वञ्चित गराउन नहुने जनाएको छ । जसका लागि विधेयक संशोधनको माग यायोक्खाले गरेको छ।

सरकारी कामकाजको भाषालाई लिएर प्रदेशसभामा रहेका किरात समुदायका प्रदेशसभा सदस्यहरूले समेत संशोधनको माग गरेका छन् । प्रदेशसभा सदस्य राजन किरातीले भाषा ज्ञान मात्र नभएर एउटा जीवनपद्धति पनि रहेको बताए। उनीहरुले लोकतान्त्रिक संविधानले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुजातीय मुलुकको रूपमा देशलाई स्वीकार गरिएको उल्लेख गरे।

कोशी प्रदेशको ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ, उदयपुर, भोजपुर, धनकुटा, इलाम र सङ्खुवासभा मूल थातथलो भई प्रदेशका सबै जिल्लामा फैलिएका पहिलो जनसंख्या राईहरूको छ। समग्र किरात राईहरूको प्रतिनिधित्व हुने गरी वान्तवा र चाम्लिङ भाषालाई सरकारी कामकाजको भाषामा समावेश गरिनुपर्ने भाषाविज्ञहरू बताउँछन् । राईहरूको फरक फरक भाषालाई सानो संख्यामा विभाजन गरी सरकारी कामकाजको भाषाका लागि अयोग्य ठान्न नहुने त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डा. तारामणि राई बताउँछन् ।

कोशी प्रदेशमा विसं २०७८ को जनगणना अनुसार राईको संख्या छ लाख ४० हजार ६७४ रहेको छ। त्यसैगरी मैथिली भाषी पाँच लाख ७९ हजार ३४७ र लिम्बूभाषी तीन लाख ३२ हजार ५१२ रहेका छन् । भाषा आयोगले निर्धारण गरेको सरकारी कामकाजका लागि भाषाको सामर्थ्र्यलाई आधार मान्ने हो भनेपनि सबैभन्दा सामर्थ्यवान वान्तवा र चाम्लिङ भाषा नै रहेको इतिहास तथा संस्कृतिका अध्येता भोगीराज चाम्लिङको दाबी छ । "पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण, लिपीको अभ्यास र पठनपाठनका दृष्टिले आधारभूत तहदेखि विश्वविद्यालयसम्ममा यी भाषाहरू पढाइ हुन थालिसकेका छन् । त्यसैले सामर्थ्यका दृष्टिले यी भाषा प्रदेशको सरकारी कामकाजको भाषामा छुटाउनै नहुने भाषा हुन् । राईअन्तर्गतकै अन्य भाषाहरू स्थानीय तहहरूमा प्रयोग गर्ने गरी लागु गर्नु जरुरी छ।"-उनले भने।

नेपालको संविधानको धारा ७ मा सरकारी कामकाजको भाषा सम्बन्धी व्यवस्था गरिएको छ। धारा ७(२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ, भनिएको छ। त्यसैगरी धारा ७(३) मा भाषा आयोगको सिफारिसमा सरकारले निर्णय गरेबमोजिम हुने उल्लेख छ।

भाषा आयोगले नै चाम्लिङ र वान्तवा भाषालाई पनि सरकारी कामकाजको भाषा बनाउन सकिने गरी सिफारिस गरेको छ । प्रदेशमा एक प्रतिशतभन्दा अधिक वक्ता संख्या भएका भाषाहरूको शीर्ष क्रमका आधारमा प्रदेशको सरकारी कामकाजको भाषाको सम्भाव्य सूचीमा नेपालीबाहेक १३ वटा सिफारिस गरिएको छ । तर कोशी प्रदेश सरकारले मैथिली र लिम्बू भाषालाई मात्र सरकारी कामकाजको भाषाको रूपमा विधेयकमा प्रस्ताव गरेको हो।

प्रदेशको नामकरणमै असन्तुष्टि जनाउँदै आएका किरात राई समुदायले प्रस्तावित भाषासम्बन्धी विधेयक संशोधन नगरिएमा विद्रोहको चेतावनी दिएका छन् । कोशी प्रदेशसभामा ११ प्रदेशसभा सदस्य राई समुदायबाट प्रतिनिधित्व गर्छन् । आगामी भदौको २ गते बस्ने भनिएको प्रदेशसभाको बैठकमा प्रदेश सरकारकै मन्त्रीहरूले सो विधेयक माथि संशोधनको प्रस्ताव दर्ता गर्ने तयारी गरेको जनाइएको छ।

# अंग्रेजलाई युद्धमा जितेको खुसियालीमा भगवती रथयात्रा



**कृष्ण पोखरेल**
*पाल्पा*

नेपालले अंग्रेज सेनालाई युद्धमा पराजित गरी विजय हासिल गरेको खुसियालीमा पाल्पामा आज २०६औं विजयोत्सव स्वरुप भगवती रथयात्रा हुँदैछ। पाल्पाका तैनाथवाला तत्कालिन कर्णेल उजिरसिंह थापाले वि. सं १८७१ देखि १८७२ सम्म अंग्रेजसँगको युद्धमा बुटवलको जितगढी क्षेत्रमा विजय हासिल गरेको खुसियालीमा पाल्पामा निरन्तर रुपमा विजयोत्सव मनाउने परम्परा चल्दै आएको छ।

कर्णेल उजिरसिंह थापाले अंग्रेजसँग बुटवल क्षेत्रको युद्धमा जानुअघि देवी भगवतीको पाउँ छोएर युद्धमा विजयी भएमा मन्दिर बनाई सिन्दुरजात्रा गर्ने र भगवतिको महिमा चारैतर्फ फैलाउने छु भनी भाकल गरेका थिए । २ पटकसम्म बुटवल जितगढी क्षेत्रमा भएको युद्धमा अंग्रेज सेनामाथि विजयी भएपछि कर्णेल उजिरसिंह थापाले वि.स. १८७२ देखि ०७६ सम्म गजुरसहितको ३ तले मन्दिर निर्माण गरेका थिए।

भगवतीको मन्दिर निर्माण कार्य पूरा भएपछि वि.स. १९७७ सालदेखि विजयोत्सव रुपमा प्रत्येक वर्ष भाद्र कृष्ण पक्षको नवमीको दिन भगवतिको रथजात्रा सञ्चालन हुँदै आएको छ । अंग्रेजलाई युद्धमा हराएको विजयजात्राको रुपमा सञ्चालन हुँदै आएको मन्दिरको नामसमेत रणउजिरेश्वरीबाट चर्चित रहदै आएको छ । विजयोत्सवलाई भव्य रुपमा मनाउन लुम्बिनी प्रदेश सरकारले आज पाल्पा जिल्लामा सार्वजनिक बिदा घोषणा गरेको छ।

विजयोत्सवको भगवती रथजात्रालाई आइतबार दिउँसो १२:३० बजेको शुभसाइतमा उठाइने छ। भगवतिको रथलाई नेपाली सेनाले सलामी दिएपछि ३ पटक मन्दिरको परिक्रमा गराइने भगवती गुठी व्यवस्थापन समितिका सचिव प्रकाश गंगोलले बताए। मन्दिर परिक्रमापछि पाल्पामा रहेको नेपाली सेनाको गणपतिले पूजाआजासहित बली दिने र नेपाल सरकारको तर्फबाट प्रमुख जिल्ला अधिकारीले पाल्पा दरबार परिसरमा विशेष पूजासहित बली दिने परम्परा रहेको छ ।

गणपति र प्रजिअको पूजाआजापछि सर्वसाधारणको लागि भगवतीको दर्शन तथा पूजाआजाको लागि रथ नगर परिक्रमा गराउने प्रचलन रहेको छ। युद्धमा तत्कालीन रुपका नेपाली सेनाले बहादुरीका साथ लडेर अंग्रेजलाई पराजित गरेकोले पाल्पाली जनताले हर्षोल्लासका साथ भगवति रथयात्रा गर्दै आएका छन्। भगवती रथजात्रा नेपालीको राष्ट्रियतासँग जोडिएको, नागरिकको भावनासँग गाँसिएको, नेपाली सेनाको सान, वीरताको प्रतिकका रुपमा स्थापित भएकोले केन्द्र सरकारले नै राष्ट्रिय विजयोत्सवको रुपमा मनाउनु पर्ने माग पाल्पाली जनताको रहेको भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोक महर्जनले बताए ।

**नेपाल-अंग्रेज युद्ध र बुटवल जितगढी विजयको इतिहास**

वि.स. १८०१ मा पृथ्वीनारायण शाहले नुवाकोटबाट सुरु गरेको एकीकरण अभियान वि.स.१८६१ मा पाल्पासम्म पुगेपछि नेपालको सीमा पूर्वमा टिष्टा, पश्चिममा कांगडा र दक्षिणमा ब्रिटिस भारतसम्म फैलिएको थियो।

नेपालको सिमाना विस्तारसँगै अंग्रेजसँग सम्बन्ध चर्किँदै गयो । गोर्खाले पाल्पालाई आफ्नो राज्यमा गाभेपछि पाल्पा राज्यका सेन शासकहरु भागेर भारत अंग्रेजको शरणमा पुगी पाल्पा आक्रमणका लागि उत्तेजित गराए । अंग्रेजहरूले सीमा विवाद उठाउँदै वि.स. १८७० मा नेपाललाई बुटवल, स्युराज (हाल कपिलवस्तु) र रौतहटका केही क्षेत्र खाली गर्न चेतावनी दियो। नेपालले वेवास्ता गरेपछि अंग्रेज फौज बुटवल र स्युराज क्षेत्रमा छिर्दै अस्थायी क्याम्प खडा गरे।

वि.स. १८७१ जेठमा बुटवलमा युद्ध भयो र दुबैतर्फ केही क्षति भए पनि युद्धको छिनोफानो भएन, दुबैतर्फका फौज आ-आफ्नो तर्फ लागे।

त्यसपछि अंग्रेजहरूले पश्चिम नेपाललाई काठमाडौंबाट अलग गर्ने योजना बनाए । वि.स. १८७१ कार्तिकमा पाल्पाका कमाण्डर सानो काजी अमरसिंह थापाको मृत्यु भयो। काजी अमरसिंह थापाको मृत्युपछि कर्णेल उजिरसिंह थापाले पाल्पाको नेतृत्व सम्हाले।

वि.स. १८७१ कार्तिक १८ गते अंग्रेजी गभर्नर जनरल हेस्टिङ्ले नेपालसँग युद्ध घोषणा गरे । मेजर जनरल जोन सुलिभान उडको नेतृत्वमा ४ हजार फौज बुटवलतर्फ आयो। मंसिरमा अंग्रेज फौज तिनाउ नदी हुँदै बुटवल आए र अन्धाधुन्द रुपमा फायर खोले। सोही समयमा अंग्रेजी फौजमाथि नेपाली फौजले कुनै प्रतिक्रिया जनाएन।

`पाली फौज बुटवल क्षेत्रमा नभएको सूचनाको आधारमा फर्किंदै गरेको अंग्रेज सेनामाथि गौडा कुरेर बसेका उजिरसिंह थापाको नेपाली फौजले घेरा हालेर आक्रमण गऱ्यो र पहिलो चरणमा नेपालले अंग्रेजमाथि विजय हासिल गरेको इतिहासमा उल्लेख छ।

डेढ महिनापछि अंग्रेजले पुनः बुटवल कब्जा गर्ने योजना बनायो । वि.स. १८७२ बैशाखमा अंग्रेज फौजले ठूलो फौज, तोप र घोडचढीसहित बुटवल प्रवेश गरे।

नेपाली फौजले तत्काल प्रतिकार नगरेपछि अंग्रेजले फौज नुवाकोट कब्जा गर्ने रणनीतिका साथ तिनाउ नदी तर्दै गर्दा जितगढी क्षेत्रबाट नेपाली फौजले अन्धाधुन्द आक्रमण गरी पुनः अंग्रेज सेनामाथि विजय प्राप्त गरे।

नेपाली फौजले अंग्रेज सेनालाई बुटवल जितगढी क्षेत्रबाटै भगाए।

युद्धमा नेपालीतर्फका लेफ्टिनेन्ट अम्बर अधिकारी, कुम्भेदान वृषासुर थापा, जमदार भिमसेन देउडा, जमदार सुरविर वोहरा, हवल्दार रणसुर बानियाँ, सिपाही हंसविर अधिकारी, नकुल बानियाँ र जुठे बस्नेतलगायत नेपाली फौजले वीरगति प्राप्त गरे भने अंग्रेजतर्फ सयौं सैनिक मारिएको इतिहासमा उल्लेख गरिएको छ।

आधुनिक हातहतियारसहितको तालिम प्राप्त अंग्रेज सेनासँग घरेलु हातहतियारको आधारमा कूटनीतिक तरिकाबाट तत्कालीन नेपाली सेनाले युद्ध जितेको थियो । पाल्पा नुवाकोट बुटवल जितगढी युद्धमा नेपालसँग हारेपछि अंग्रेज सेनाका कमाण्डर जनरल उडलाई अंग्रेज सरकारले कारबाही गरेको इतिहासमा उल्लेख रहेको छ।

कमाण्डर कर्णेल उजिरसिंह थापाको नेतृत्वमा पाल्पा नुवाकोट बुटवल जितगढी क्षेत्रमा नेपाली सेनाको सुबुजगण, गरुवक्सगण, भवानीदल गण अंग्रेजसँग युद्ध लडेका थिए।

**उप-प्रधानमन्त्रीसहितको सरकारी टोलीले अवलोकन गर्ने**

विजय उत्सव भगवती रथजात्राको उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीनाथ पाण्डे, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल, उच्च पदस्थ व्यक्तिहरु, लुम्बिनी प्रदेशका मुख्यमन्त्री तथा मन्त्री प्रदेश सभामुख तुलाराम घर्तीमगरलगायत सरकारका उच्च पदस्थ व्यक्तिहरुको सहभागिता रहने भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ । विरता, राष्ट्रियता र स्वाधिनतासँग जोडिएको विजयोत्सव भगवती रथजात्रा वि.स. १८७७ भाद्र कृष्ण नवमीदेखि आजसम्म निरन्तर चल्दै आएको छ।

# कक्षा १२ उत्तीर्णलाई अनेरास्ववियुको सम्मान



भैरहवा । कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरुले नेपालकै क्याम्पस र कलेजमा पढ्नेगरी स्वयं विद्यार्थी र अभिभावक लाग्नुपर्ने समय आएको अनेरास्ववियुका पूर्व केन्द्रीय अध्यक्ष खिमलाल भट्टराईले बताएका छन् ।

कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुको सम्मानमा अनेरास्ववियु सिद्धार्थनगर कमिटीले आयोजना गरेको कार्यक्रममा बोल्दै एमालेका पोलिटब्युरो सदस्य समेत रहेका भट्टराईले कक्षा १२ उत्तीर्ण विद्यार्थीहरु अबको क्याम्पस तहको पढाइ नेपालकै क्याम्पसमा पढ्नुपर्नेमा जोड दिएका हुन् ।

एमालेका प्रभावशालि नेता भट्टराईले अहिलेको युवा पुस्ताले आफ्नो व्यक्तिगत फाइदाकोलागि विदेशका कलेजहरुमा भन्दा स्वदेशकै क्याम्पसहरुमा पढ्न सुझाएका छन् । उनले भने-'अब पढ्नकै लागि विदेश जाने होइन, नेपालमशे पढ्नु पर्छ ।'

सो अवसरमा अनेरास्ववियु उप-महासचिव कमल जोशिले अखिलले अध्ययनशिल र जेहेन्दार विद्यार्थीलाई गरेको सम्मानले विद्यार्थीहरुमा थप आत्मविश्वास बढेर जाने विश्वास व्यक्त गरे।

कार्यक्रममा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य तथा सिद्धार्थनगरका पूर्व मेयर हरिप्रसाद अधिकारिले समृद्ध नेपालकोलागि अबको पुस्ता अनेरास्ववियुमा सक्रिय हुनुपर्ने बताए।

कार्यक्रममा एमाले जिल्ला उपाध्यक्ष हितराज पन्थीले विद्यार्थीहरु देशमै बसेर पढ्ने र देशमै केही गर्ने अठोटका साथ अगाडि बढ्नु पर्ने जनाए।

कार्यक्रममा एमाले रुपन्देही जिल्ला कमिटी सदस्य तथा विद्यार्थी सह-इञ्चार्ज लक्ष्मी केसीले संघर्षबाट खारिएको अखिल जस्तै अबका विद्यार्थीहरु पनि खारिदै अगाडि बढ्नुपर्ने बताइन् ।

अनेरास्ववियु सिद्धार्थनगर कमिटीका अध्यक्ष के एल पान्डेको सभापतित्वमा सम्पन्न कार्यक्रममा सिद्धार्थनगरको उपमेयर उमा अधिकारी, अनेरास्ववियु केन्द्रीय खेलकुद विभाग प्रमुख सागर न्यौपाने, एमाले नगर कमिटी अध्यक्ष तथा अखिलका पूर्व केन्द्रीय सदस्य चक्र थापा, अनेरास्ववियु प्रदेश उपाध्यक्ष सरोज ठकुरीलगायतले शुभकामना मन्तव्य राखेको अखिलका नेता कमल घिमिरले बताए। सो अवसरमा सिद्धार्थनगर क्षेत्रमा रहेका तथा सिद्धार्थनगरमा स्थायी बसोबास भई अन्यत्र गई अधध्यन गरेका ७ सय छात्र छात्रालाई सम्मान गरिएको अखिल प्रदेश उपाध्यक्ष ठकुरिले बताए।

कार्यक्रममा एमाले केन्द्रीय निर्वाचन आयोगका सदस्य भरतकुमार पोखरेल, सिनपा पूर्व उप-मेयर उमा काफ्ले, एमाले जिल्ला सदस्यहरु थानेश्वर पौडेललगायतको आतिथ्यता रहेको थियो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com